जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३
सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि
साझेदारी
राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY

- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमिन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : ८ अंक : २९७ २०८० साल जेठ ५ गते, शुक्रवार Friday 19 , May. 2023 मूल्य रु. ५/- पृष्ठ : ४

# जीतपुरसिमराले मापदण्ड बिपरित सञ्चालित क्रसर उद्योगहरुको नबिकरण नगर्ने



***रञ्जन यादव***
***जीतपुरसिमरा ४ जेठ***

जीतपुरसिमरा उपमहानगरपालिकाले बालुवा प्रशोधन तथा क्रसर उद्योगहरुलाई मापदण्ड पुरा गरेर आए मात्र ब्यवसाय दर्ता तथा नबिकरण गर्ने जनाएको छ ।

२०७९ साल माघ ११ गतेको मन्त्रि परिषदको निर्णयले मापदण्ड बिपरित सञ्चालनमा रहेका बालुवा प्रशोधन तथा कसर उद्योगहरुलाई २०८० असार मसान्त सम्मको लागि यथावत रुपमा सञ्चालन गर्न दिने भनि निर्णय गरेको थियो ।

उपमहानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत हरिलाल पुरीले एक सुचना जारी गरी आर्थिक बर्ष २०८०/०८९ को लागि तोकिएको मापदण्ड पुरा गरी ब्यवसाय दर्ता तथा नबिकरण गर्न अनुरोध गर्नुभयो ।

दुरी सम्बन्धि मापदण्डहरुमा राजमार्गको राईट अफ वे बाट ५ सय मिटरको दुरी हुनुपर्ने ,खोला वा नदी किनारबाट ५ सय मिटर दुरी हुनुपर्ने ,शिक्षण संस्था ,स्वास्थ संस्था,धार्मिक ,साँस्कृतिक ,पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट २ कि.मि.हुनुपर्ने ,पक्की पुलबाट ५ सय मिटरको दुरी हुनुपर्ने ,अन्तराष्ट्रिय सिमाबाट २ कि.मि. दुरी हुनुपर्ने ,बन ,निकुञ्ज तथा आरक्षबाट २ किलोमिटरको दुरी हुनुपर्ने ,घना बस्तीबाट २ सय मिटरको दुरी हुनुपर्ने ,हाईटेन्सन लाईनबाट २ सय मिटर हुनुपर्ने ,ऐतिहासिक ताल ,तलैया ,जलाशय र पोखरीबाट ५ सय मिटरको दुरी हुनुपर्ने र चुरे पहाडको फेदीबाट १५ सय मिटरको दुरी हुनुपर्ने नियम रहेको छ ।

त्यस्तै बाताबरण अध्ययन प्रतिबेदन तयार गरी संकलन ,उत्खनन गर्ने ,कच्चा पदार्थको स्थान ,क्षेत्रफल ,परिमाण ,समयावधि र स्रोतको बिवरण तथा त्यस्तो क्षेत्रको रेखाकन सहितको नाप नक्सा तयार गर्नुपर्ने र कसार उद्योग लगायतका बालुवा पाँगो धुने र प्रशोधन गर्ने मेसिन तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड डेून ,हिलो थिग्रने पोखरी ,फोहोर पानी प्रशोधनको ब्यवस्था र बायु प्रदुषणकोलागि समेत आवश्यक ब्यवस्थापन गर्नुपर्ने मापदण्डहरु रहेको जीतपुरसिमरा उपमहानगरपालिकाको ईन्जिनीयर संजिब रुपाखेतीले जानकारी दिनुभयो ।

# जनमत पार्टी बाराको ईन्चार्जमा पटेल मनोनीत




***सन्दिप यादव***
***कलैया, ४ जेठ***

बारा जिल्लाको क्रान्तिकारी जुझारु एवम् चर्चित युवा नेता शिवनाथ पटेललाई जनमत पार्टीले बाराको जिल्ला ईन्चार्जमा मनोनीत गरेका छन् । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.चन्द्र कान्त (सिके) राउतले मधेस आन्दोलन लगायत विभिन्न सामाजिक तथा राजनीतिक गतिविधिमा अग्रणी भुमिका खेलेका पटेललाई जिल्ला ईन्चार्ज मनोनीत गरेका छ ।

पटेलको कार्यकालमा पार्टीले महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने अपेक्षा सहितको कार्यकालको सफलताको शुभकामना समेत पार्टीका राष्ट्रिय अध्यक्ष डा.राउतले दिएका छन् । अनेरास्ववियु विधार्थी अखिलबाट

**बाँकी तेस्रो पृष्ठमा**

# लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै
# उन्मुक्ति पार्टीको विरोध प्रर्दशन




***सन्दिप यादव***
***कलैया, ४ जेठ***

बाराको सदरमुकाम कलैया स्थित भरत चौकमा बिहीबार एक कार्यक्रम आयोजना गरि नागरिक उन्मुक्ति पार्टीले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै विरोध जनाएको छ ।

रेशम चौधरीलाई सर्वोच्च अदालतले जन्मकैदको फैसला सदर गरेको भन्दै नागरिक उन्मुक्ति पार्टी मधेस प्रदेश कार्य समितिले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै नेपाल बन्द सम्मको आन्दोलन गर्ने बताएका छन् ।

मधेस प्रदेशका अध्यक्ष रामचन्द्र चौधरी विरोध सभामा बोल्दै उन्मुक्ति पार्टीले टीकापुर घटना राजनीतिक भएकाले राजनीतिक हिसाबले नै हल गर्नुपर्ने बताएका छन् । अदालतको फैसला न्यायमूर्तिहरुको निर्णय स्वीकार्य छ तर यो राजनीतिक मुद्दा हो अदालती होइन आजका सबै राजनीतिक दलका शीर्ष नेतृत्वले आफ्नो विगत फर्केर हेर्न अनुरोध गर्दै टीकापुर घटना राजनीतिक भएकाले राजनीतिक हिसाबले नै हल गर्न अनुरोध गरेका छन् । यदि लाल आयोगको प्रतिवेदन सरकारले सार्वजनिक गरेन भने हाम्रो अर्को विकल्प छैन, जुलुस प्रदर्शनी कोणसभा र ६ गते देखि १० गतेसम्म नेपाल बन्द गर्ने समेत बताएका छन् ।

लाल आयोग,देवि शर्मा,संसदीय सुनवाई समितिको प्रतिवेदन सार्वजनिक गर टिकापरको घटना विशुद्ध राजनितिक घटना हो,यो घटनालाई राजनीतिक तवरबाट समाधान गर भनेर महिला नेत्री मन्जु चौधरी नारा लगाएकी थिइन ।

आफ्नो हक अधिकारको लागि आवाज उठाउने निर्दोष थारुहरुसंग राज्यले गरेको ब्यवहार रेशम चौधरीलाई उपचारको क्रममा हाथमा हथ्कडी खुट्टामा नेल लगाउने प्रहरी प्रशासनले भ्रष्टाचारी,हत्यारा तथा नक्कली भुटानी शरणार्थी प्रकरणमा परेकालाई सुरक्षाका सात लाग्दै गरेको देख्दा यो देशको प्रहरी प्रशासनले भ्रष्टाचारी तथा हत्याराहरुलाई जोगाउनलाई मात्रै सपथ खाएका सन्ध्या चौधरीले बताए छन् ।

नागरिक उन्मुक्ति पार्टी ,मधेस प्रदेशका अध्यक्ष रामचन्द्र

**बाँकी तेस्रो पृष्ठमा**

## कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, बारा, कलैया
### आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना
प्रथम पटक प्रकाशित गरिएको सूचना : २०८०।२।५

यस उपमहानगरपालिकाले आ.ब. २०८०/०८१ को आय संकलनको लागि ठेक्का लगाउन देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले १५ दिन भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | ठेक्का शिर्षक | वडा नं. | ठेक्का अवधि | वार्षिक व्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १४।०७९।८० | दोहरीको हाट बजार | २ | १ वर्ष | १०००००। | १,०००/- | १५ दिने |
| १ ५/०७९।०८० | दरबार चौक, बरेवा चौक र दूर्गा चौकको हाट बजार | ६, ७, र ८ | १ वर्ष | ३०००००। | १,०००/- | १५ दिने |
| १६/०७९।०८० | मटिअर्वा र नहर चौकको हाट बजार | १० | १ वर्ष | १५००००। | १,०००/- | १५ दिने |
| १७/०७९।०८० | बघवन र भवराको हाट बजार | १४ | १ वर्ष | २०००००। | १,०००/- | १५ दिने |
| १८/०७९।०८० | मझौलिया र चिनीमिलको हाट बजार | १६ | १ वर्ष | २०००००। | १,०००/- | १५ दिने |
| १९/०७९।०८० | मोतिसर र सिसहनिया चौकको हाट बजार | १८ | १ वर्ष | २००००। | १,०००/- | १५ दिने |
| २०/०७९।०८० | पचायनपुरको हाट बजार | १९ | १ वर्ष | ५००००। | १,०००/- | १५ दिने |
| २१/०७९।०८० | बसतपुरको हाट बजार | २० | १ वर्ष | २०००००। | १,०००/- | १५ दिने |
| २२/०७९।०८० | भोडहा, मदिलवा र मटिअरियाको हाट बजार | २१ | १ वर्ष | २०००००। | १,०००/- | १५ दिने |

अन्य शर्तहरु
१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०७८।०७९ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
४) सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्ममा खरिद गरी १६ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्कदार स्वयमले तिर्नु पर्ने छ ।
७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ ।
८) धरौटी खाता नं.१२६०३०३००००४ मा धरौटी वापतको रकम धरौटी राख्नु पर्ने छ ।
९) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ ।

समयमा कर तिरौं गाउँको विकासमा सहयोगी बनौं ।
कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया, बाराद्वारा जनहितमा जारी

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : राजेश चौधरी :-९८०७२२८०६१
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसट्र प्रेस, वीरगंज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com

## सम्पादकीय...

# अनुसन्धानमा राजनीतिक दवाव नगरौं।

प्रहरीले अहिले नक्कली शरणार्थी प्रकरणको घटनामा संलग्नहरुलाई पक्राउ गरी अनुसन्धान गर्दै छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मध्ये १३ जनालाई पक्राउ गरि अनुसन्धान गर्दै छ। पक्राउ पर्नेहरुमा ठुला दलका ठुला नेताहरु जो हाई प्रफाईलका मानिसहरु नै पक्राउ परेका छन। यो काण्डमा अनुसन्धान गर्दै जादा अन्य ठुला राजनीतिक नेतृत्व सम्म पुग्ने अनुसन्धान अधिकृतहरुको भनाई छ। लहरो तान्दा पहरो थर्कने कथा झै नक्कली भुटानी शरणार्थी प्रकरण भएको छ।

पिडितहरुको उजुरीको छानविनको क्रममा विचौलीयाहरुलाई पक्राउ गरेपछि घटनामा एकपछि अर्का ठुला र हाई प्रोफाईलका नेता जो यसअघिका सरकारको पावरफुल मन्त्रालयको नेतृत्व गरिसको पूर्वमन्त्रीहरु नै छन। घटनामा ठुला ठुला नेताहरु नै संलग्न रहेको तथ्य खुल्दै गएपछि विषयले विस्तारै राजनीतिक विषयको रुप लिदै गएको छ। ठुला नेताहरु नै अनुसन्धानको घेरामा तानिएपछि घटनाले विषयान्तर हुने वा राजनीतिक दवावमा अनुसन्धान फितलो हुने धरैले आँकल नै गरेका छन।

हालसम्म सरकारका प्रधानमन्त्री, गृहमन्त्री र प्रहरीको भनाई अनुसार घटनामा राजनीतिक दवाव नगरिएको र नरहेको दावी गर्दै आएका छन। अहिलेसम्मकै देशमा भएको अन्य घटनामा भन्दा पृथक बन्दै अहिले सम्मकै ठुला र हाई प्रोफाईलका नेता, वहालवाला सचिव र विचौलीयहरु पक्राउ परेको यो पहिलो घटना हो। प्रधानमन्त्री पुष्पकमल दाहालदेखी अनुसन्धानको तालुक निकायका गृहमन्त्रालय गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुसन्धानले जता लगेपनि अनुसन्धान नरोकिने र प्रहरीलाई राजनीतिक दवाव पर्न नदिने बताईरहेका छन। तर्सथ अहिले सम्मको अवस्था हेदा अब भने यो प्रकरणमा राजनीतिक दवावले पनि असर नगर्ने लगभग निश्चत छ।

# संसद्मा प्रधानमन्त्रीको जवाफः एक महिनाभित्र नागरिकता समस्या समाधान गर्छौं

*काठमाडौं, ४ जेठ*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नागरिकता विधेयक तत्कालीन राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा नागरिकतासम्बन्धी समस्या समाधान हुन नसकेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा जसपाका सांसद दीपक कार्कीले बाबुले वंशजको नागरिकता पाउँदा छोराछोरीले जन्मसिद्ध नागरिकता पाएका छन्, छिटो नागरिकता दिनेगरी व्यवस्था गर्न सकिन्छ कि सकिन्न ? भनी गर्नुभएको प्रश्नको जवाफमा प्रधानमन्त्री दाहालले राष्ट्रपति रामचन्द्र पौडेलले यस विषयमा छलफल गरिरहनुभएकाले समस्या समाधान हुने आशा गरिएको बताउनुभयो।

यस विषयमा छलफलका क्रममा आएको सुझाव वा सङ्कल्प प्रस्तावमार्फत प्रमाणीकरण गर्न अनुरोध गर्ने वा मन्त्रिपरिषद्बाट निर्णय गरेर प्रमाणीकरण गर्न अनुरोध गर्नसक्ने विकल्पका बारेमा पनि परामर्श जारी रहेको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो।

नागरिकतासम्बन्धी उक्त विधेयक मृत भन्ने तर्कलाई लिने अवस्थामा पनि पुनःशून्यबाट सदनमा प्रक्रिया सुरु गरी एक महिनाभित्र समाधान गरिने उहाँको प्रतिबद्धता थियो। प्रम नियुक्त हुँदा छ महिनाभित्र नागरिकता समस्या समाधान गर्ने भनी दाहालले बोल्नुभएको विषय पनि सांसदहरुले स्मरण गराउनुभएको थियो।

***नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न सबैलाई कारबाही गरिने***

त्यसैगरी, प्रधानमन्त्री दाहालले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न सबैलाई कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। दोषी कोही उम्कन नपाओस्, निर्दोष कोही नपरोस् भन्ने भावनाले सरकारले काम गरिरहेको उहाँले जानकारी गराउनुभयो।

"स्वतन्त्र र निष्पक्षरुपमा सरकारले छानबिन गरिरहेको छ, अपराधीलाई कानुनको दायरामा ल्याउने काम भएको छ, यस विषयमा दृढतापूर्वक छानबिन गर्न गृहमन्त्रीलाई निर्देशन दिएको छु, शरणार्थी प्रकरण देशकै निम्ति गम्भीर र संवेदनशील विषय बनेकाले यसमा संलग्न कसैलाई पनि माफी दिइने छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो।

सांसद मेटमणि चौधरीका तर्फबाट सांसद शेरबहादुर कुँवरले नक्कली भुटानी शरणार्थी प्रकरणमा शीर्ष नेतृत्वको संलग्नता पुष्टि भए के गर्नुहुन्छ ? आर्थिक सङ्कटको समाधान



कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा प्रधानमन्त्री दाहालले गलत काम गर्ने कसैले पनि छुट नपाउने प्रतिबद्धता जनाउनुभयो।

प्रधानमन्त्री दाहालले मौसमी प्रणालीमा आधारित कृषि रहेकाले समयमै मल, बीउ उपलब्ध गराउन कृषि मन्त्रालयलाई निर्देशन दिएको बताउनुभयो। यस वर्षको नीति कार्यक्रम र बजेटमा पनि कृषिलाई प्राथमिकता दिइने उहाँको प्रतिबद्धता छ।

जनमत पार्टीका तर्फबाट निर्वाचित सांसद अनिता देवीले धानको बीउ छर्ने बेला भइसक्यो, मल र बीउ एकैपटक पाइन्छ कि पाइन्न ? भन्ने प्रश्नको जवाफमा प्रम दाहालले मल कारखाना खोल्नेलगायत कार्यक्रमलाई आगामी वर्ष प्राथमिकतामा राखिएको बताउनुभएको थियो।

***भ्रष्टाचारमा सरकारको शून्य सहनशीलता***

प्रम दाहालले भ्रष्टाचारविरुद्ध सरकारले शून्य सहनशीलताको नीति लिएको बताउनुभएको छ। शरणार्थी प्रकरणमात्र होइन, सम्पत्ति शुद्धीकरणका ठूला घटनालगायत अन्य ठूला प्रकरणका बारेमा आवश्यक परेमा कानुन संशोधन गरेर पनि कारबाही हुने प्रतिबद्धता उहाँले जनाउनुभएको हो।

सांसद सर्वेन्द्रनाथ शुक्लले भ्रष्टाचारविरुद्धका काम कारबाही फलदायीरुपमा अघि बढ्न सकेको छैन ? यसमा सरकारको कार्यक्रम के छ ? भन्ने प्रश्नको जवाफमा "अहिलेको अवस्थालाई सच्याउने अवसरका रुपमा सबै दल लाग्नुपर्ने अवस्थामा हामी छौं, देशमा सुशासनका लागि यो अवसरलाई गुम्न दिनुहुन्न", प्रम दाहालले भन्नुभयो।

***लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकार तयार छ***

प्रम दाहालले गिरीशचन्द्र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकार तयार रहेको बताउनुभएको छ। सांसद गङ्गाराम चौधरीले विसं २०७२ मा टीकापुरमा भएको आन्दोलनमा पहिचानसहितको अधिकार माग गर्दा घुसपैठ गरी हिंसा गराइएकाले न्याय भयो त ? रेशम चौधरीलगायत अन्यायमा परेका विषयमा सरकारले के गर्छ ? भनी गर्नुभएको प्रश्नमा उक्त जवाफ दिनुभएको हो।

सर्वोच्च अदालतले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न दिएको आदेश किन कार्यान्वयन भएन ? किन बाधा, अड्चन आयो ? भनी उहाँले प्रश्न राख्नुभएको थियो। टीकापुरलगायत पहिचानका लागि भएका अन्य आन्दोलनमा संलग्न बन्दीलाई रिहा गर्न विधेयक तयार भएको जवाफ प्रधानमन्त्री दाहालले दिनुभयो। रेशम चौधरीलाई रिहा गर्न कानुनी प्रक्रियाबाट नै सरकारले काम गरिरहेको उहाँको भनाइ थियो। गुणस्तरीय शिक्षा प्रदान गर्न ख्वपलगायत विश्वविद्यालय विधेयक पारित हुने प्रतिबद्धता पनि प्रधानमन्त्री दाहालले जनाउनुभएको छ। सांसद प्रेम सुवालले ख्वप विश्वविद्यालय विधेयक पारित नभई कसरी ज्ञानमा आधारित समाज बन्छ ? भनी राख्नुभएको प्रश्नको उत्तरमा यस्तो जवाफ दिनुभएको हो।

प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीले पहिले भारतबाटै भ्रमण गर्नुपर्ने बाध्यता नभएको स्पष्ट गर्नुभएको छ। सांसद चित्रबहादुर केसीले नेपाली प्रधानमन्त्री नियुक्त भएपछि पहिलो भ्रमण भारतबाटै गर्नुपर्ने बाध्यता के छ ? भनी गर्नुभएको प्रश्नको जवाफमा उहाँले यस्तो उत्तर दिनुभएको हो।

प्रम दाहालले नेपाली नागरिकता त्याग्नेको तथ्याङ्क गृह मन्त्रालयले सङ्कलन गरिरहेको बताउनुभएको छ। सांसद प्रभु साहले नेपाली नागरिकता त्यागेर विदेशी नागरिकता लिनेको सङ्ख्या कति छ ? उनीहरुको सम्पत्ति के भएको छ ? भन्ने प्रश्नको जवाफमा प्रम दाहालले नेपालबाट सम्पत्ति बेचेर विदेश लैजान नपाइने बताउनुभयो।

गौरलगायत विभत्स हत्याकाण्ड र दरबारबार हत्याकाण्डको पनि नयाँ शिराबाट छानविन हुनुपर्छ भनी सरकार लागेको प्रधानमन्त्री दाहालले बताउनुभयो। गौर हत्याकाण्डको छानबिनमा के काम के भइरहेको छ ? भन्ने प्रश्नको जवाफमा प्रधानमन्त्री दाहालले सो कुरा बताउनुभएको हो। मदनआश्रित हत्याकाण्डको पनि फेरि छानविन गरिनुपर्नेमा उहाँको जोड छ। सांसद अमरेशकुमार सिंहले विभिन्न भ्रष्टाचार काण्डको छानविन कहिलेदेखि सुरु हुन्छ ? नेपालीले मल, बीउ समयमै कहिले पाउँछन् ? भन्ने प्रश्नमा उहाँले यस्तो जवाफ दिनुभएको हो।

सांसद योगेन्द्र मण्डलले छ महिनाभित्र नागरिकता दिने प्रधानमन्त्रीको भनाइमा कसरी विश्वास गर्ने ? भन्ने प्रश्नको जवाफमा प्रधानमन्त्री दाहालले एक महिनाभित्र नागरिकता समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको हो।

# अठार हजार गाईमा लम्पीस्किन सङ्क्रमण

*हेटौंडा, ४ जेठ*

बागमती प्रदेशभित्र पर्ने १३ जिल्लामा सङ्क्रामक विषाणुजन्य रोग लम्पीस्किनबाट पहिलो चरणको तथ्याङ्कबाट १८ हजार तीन सय २४ गाईमा सङ्क्रमण भएको पाइएको छ। देशभर फैलिएको लम्पीस्किन रोग गाई र भैंसीमा देखापरेसँगै मृत्यु हुनेको सङ्ख्या पनि बढ्दो क्रममा रहेको जनाइएको छ।

बागमती प्रदेश कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा शरणकुमार पाण्डेका अनुसार प्रदेशमा सबैभन्दा बढी मकवानपुरमा देखिएको बताउनुभयो। मकवानपुरमा चार हजार आठ सय ३५ वटा गाईमा उक्त रोग देखापरेको छ भने एक सय



९७ गाईको मृत्यु भएको डा पाण्डेले बताउनुभयो।

सिन्धुली जिल्लामा नौ हजार छ सय ३४ सङ्क्रमण र ४७ को मृत्यु, रामेछापमा एक हजार नौ सय ६५, चितवनमा एक हजार ६० वटा गाईमा उक्त रोगको सङ्क्रमण भएको सचिव पाण्डेले बताउनुभयो। उहाँका अनुसार प्रदेशको रसुवा र दोलखाका रोग पुष्टि

**बाँकी तेस्रो पृष्ठमा**

सडक किनारामा गाई वस्तु नबाधौं, नाद खुट्टी आदि नराखौं ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ, बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक SAJHEDARI NATIONAL DAILY



# अतिक्रमण गरी बनाइएको संरचनामा चल्यो महानगरको डोजर

***वीरगञ्ज, ४ जेठ***

वीरगञ्ज महानगरपालिकाले वडा नं १७ अलौमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएको संरचना आज डोजर चलाएर हटाएको छ । डोजरसहित गएको महानगरको टोलीले सार्वजनिक सडक अवरुद्ध हुने गरी स्थानीयवासीद्वारा निर्माण गरिएको संरचना हटाएको हो ।

अलौंमा रहेको इनार नजिकैको एउटा घर भत्काएर सडक खुलाइएको छ भने पोखरीको पूर्वपट्टि रहेको सडकमा निर्माण गरिएका चारवटा घरको पर्खालसमेत भत्काइएको छ। सडक अतिक्रमण गरी बनाइएका पर्खाल हटाइएसँगै रोकिएको नाला निर्माणकार्य अघि बढाइने वडा नं १७ का वडाध्यक्ष सञ्जीवबहादुर क्षेत्रीले बताउनुभयो।

महानगरपालिकाले सार्वजनिक, ऐलानी जग्गा खोजी गर्नुका साथै त्यसमा बनेका संरचना हटाउने अभियान नै अघि बढाएको छ । अतिक्रमित संरचना हटाउन महानगपालिकाका प्रमुख राजेशमान सिंह आफैं पुग्नुभएको थियो। महानगर प्रमुख सिंहले महानगरको ३२ वटै वडामा सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्ने अभियान नै चलाइएको बताउँदै कहीँकतै अतिक्रमण भएको सूचना भए आफूलाई जानकारी दिन पनि आग्रह गर्नुभयो। रासस

# नक्कली भुटानी शरणार्थी प्रकरणका दोषीलाई कारबाही हुनुपर्छ : नेता ज्ञवाली

***लेखनाथ, ४ जेठ***

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले नक्कली भुटानी शरणार्थी प्रकरण छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्नुपर्नेमा जोड दिनुभएको छ ।

प्रेस चौतारी कास्कीद्वारा आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा उपमहासचिव ज्ञवालीले भन्नुभयो, "शरणार्थी काण्डको छानबिन गर्न सजिलो होस् भनेर एमालेले पार्टी सचिव टोपबहादुर रायमाझीलाई निलम्वन गरेका छौँ, कांग्रेसले पनि पूर्व गृहमन्त्री बालकृष्ण खाणलाई संरक्षण गरेर राख्नु हुँदैन, छानबिनका लागि प्रहरीलाई सजिलो बनाइदिनुपर्छ ।"

नक्कली भुटानी शरणार्थी प्रकरणले नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई नै गम्भीर असर पारेको बताउँदै उहाँले ठूला राजनीतिक दल एकै ठाउँमा उभिएर लोकतन्त्रको रक्षा गर्न आवश्यक रहेको औँल्याउनुभयो । "देशमा राजनीतिक सङ्कट उत्पन्न भएको अवस्थामा लोकतान्त्रिक पार्टी एक हुनुको विकल्प छैन", उहाँले भन्नुभयो, "पछिल्लो समय देशको पूर्वी कोशी प्रदेशको नामकरणमा जातीय गन्ध आइरहेको छ ।"

नक्कली भुटानी शरणार्थी, वाइडबडी, एनसेललगायत काण्डको छानबिन गरी दोषीमाथि कडा कारबाहीको मागसमेत उहाँले गर्नुभयो । पछिल्लो समय देशको अर्थतन्त्र अत्यन्त कमजोर अवस्थामा पुगेको र देशको अर्थतन्त्र बिग्रनुमा भूकम्प, नाकाबन्दी, कोरोना र फान्स र युक्रेन युद्ध पनि रहेको उहाँको भनाइ छ । रासस

## अठार.........................

नभएकाले सङ्क्रमित सङ्ख्या शून्य रहेको छ भने धादिङको विवरण मन्त्रालयमा आइनसकेको बताउनुभयो ।

हालसम्म गाईमा मात्र सङ्क्रमण भएको र भैँसीमा उक्त रोग सङ्क्रमण नभएको सचिव पाण्डेले बताउनुभयो । काठमाडौँमा ८३, ललितपुरमा ४०, काभ्रेमा चार सय, नुवाकोटमा तीन सय, सिन्धुपाल्चोकमा छ र भक्तपुरमा एक गाईमा लम्पीस्किन रोग देखापरेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

मकवानपुरको सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिका, मनहरि गाउँपालिकासहित अन्य पालिकामा सङ्क्रमित पाइएको छ । रोगबाट पशुमा हुने मृत्युदर कम (करिब पाँच प्रतिशत) भए पनि दुहुना पशुको दूध उत्पादनमा उल्लेख्य ह्रास (८० प्रतिशतसम्म) हुने भएकाले कृषकलाई ठूलो आर्थिक क्षति पुगेको सचिव पाण्डेले बताउनुभयो ।

मन्त्रालयले रोग नियन्त्रण गर्न रोगको कारण, लक्षण, यसबाट कृषकमा पुग्ने क्षति एवं नियन्त्रण र रोकथामबारेमा कृषक र सबै सरोकारवालामाझ जनचेतना फैलाउनुका साथै रोगको जोखिमयुक्त क्षेत्रको पहिचान गरी खोप कार्यक्रम यथाशीघ्र सुरु गर्न जिल्लास्थित भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई निर्देशन दिइसकिएको सचिव पाण्डेले बताउनुभयो ।

हाल मकवानपुर जिल्लाको मकवानपुरगढी गापा वडामा नं ५ मा एक हजार पाँच सय डोज खोप लगाउने कार्य सञ्चालन भइरहेको छ र रोगग्रस्त क्षेत्रमा गई तत्काल निःसङ्क्रमण, उपचारलगायतका नियन्त्रणका कार्य सञ्चालन गर्न तत्काल रोग नियन्त्रण समिति बनाई कार्य अघि सारिएको उहाँले बताउनुभयो । उहाँका अनुसार रोग नियन्त्रण र रोकथाम कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले केही दिनभित्रै लम्पीस्किन डिजिज नियन्त्रण र रोकथाम रणनीति, २०८० तयार गरी कार्यान्वयन गर्ने तयारीमा मन्त्रालय रहेको बताउनुभयो । रासस

## आर्थिक.........................

अर्थतन्त्रको विकासमा जोड दिनुपर्ने बताउनुभयो ।नेपाल एसबीआई बैंक, नेपाल(भारत उद्योग वाणिज्य सङ्घ वीरगञ्ज च्याप्टर, वीरगञ्ज उद्योग वाणिज्य सङ्घ र द स्टार्टअप नेटवर्कको सहकार्यमा पिएचडी च्याम्बर अफ कमर्सले आयोजना गरेको कार्यक्रममा उद्योगी व्यवसायीसँगै सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । रासस

## अनुसन्धानमा ................

उजुरी र गुनासा आउने क्रम बढेको भन्दै विज्ञप्तिमा पत्रकारिताको मूल्य, मान्यताविपरीत र आचारसंहिता प्रतिकूलका कुनै पनि सामग्री सम्प्रेषण नगर्न/नगराउन भनिएको छ ।

पेसागत आचरणविपरीत, आधार प्रमाण पुष्टि नहुने, अनुसन्धान/छानबिनलगायत समग्र न्यायिक प्रक्रियामा गम्भीर असर पर्ने गरी सम्प्रेषित सामग्रीले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ४(३), ४(६) र ५(११) उल्लङ्घन हुन्छ ।

काउन्सिलले सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्रीबारे नियमित अनुगमनका साथै प्राप्त उजुरी र जनगुनासाको सुनुवाइ गर्दै आएको छ ।

## जनमत पार्टी .............

राजनीति सुरु गरेका पटेलले फोरम पार्टीबाट नेपालमा ०६२/०६३ को दोस्रो जनआन्दोलन सुरु हुँदा जनआन्दोलनमा सहभागी भइ सक्रिय रुपमा राजनीतिमा लागेका थिए ।

फोरम पार्टीका तर्फबाट जिल्लामा हुने आन्दोलनमा सहभागी हुने जिम्मेवारी पाएका थिए । जसपा पार्टी नेपाल, बाराबाट बारा जिल्लाको कलैया उपमहानगरपालिकाका नगर अध्यक्ष पदका जिम्मेवारी समेत पाएका थिए ।

विगत दिन देखी निरन्तर जनता समाजवादी पार्टी नेपालमा भएर समाजमा जनतालाई विभिन्न माध्यमबाट सेवा गर्दै आएका हुन्। पटेलले आफ्नो क्षेत्रको वकालत गर्ने, न्याय प्रेमी, बिकास प्रेमी,नैतिकवान व्यक्तिको रूपमा चिरपरिचित रहेका छन्।

जसपा पार्टी नेपालबाट राजिनामा दिएर बारा जिल्लाको निर्वाचन क्षेत्र नं ३ को (क) बाट प्रदेश सभा सदस्य पदमा स्वतन्त्र उम्मेदवार भइ लैरो चुनाव चिन्हबाट पराजित भएका थिए ।

उपनिर्वाचन अगाडी चैत्र २८ गते कलैयामा विशाल आम सभा कार्यक्रमा जनमत पार्टीमा प्रवेश गर्दै उपनिर्वाचनमा अहम भुमिका पटेलले खेलेका थिए ।

## लाल आयोगको................

चौधरीको अध्यक्षतामा विरोध कार्यक्रम भएको थियो ।

बिहीबार बेलुका भएको विरोध कार्यक्रममा डा.कमरुला अन्सारी,सन्ध्या चौधरी,उर्मिला महतो,भुवन चौधरी, सह सचिव( रामआशिष चौधरी,महिला नेत्री मन्जु चौधरी, कनक चौधरी,युवा तथा नेताहरु लगायतको सहभागी रहेको थियो । कार्यक्रमको संचालन जय प्रकास चौधरीले गरेका थिए ।

# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानमा आर्थिक सङ्कट गहिरिँदै, कूटनीतिक कर्मचारीको तलब रोकियो

***इस्लामावाद, ४ जेठ***

पाकिस्तान सरकारले देशमा जारी आर्थिक सङ्कटका कारण विदेशमा रहेका आफ्ना कूटनीतिक नियोगत तथा राजदूतावासमा कार्यरत कूटनीतिक कर्मचारीको तलब रोकेको छ ।

कूटनीतिक कर्मचारीले दुई महिनादेखि तलब नपाएका, बिना पारिश्रमिक उनीहरूले इदुल फित्र मनाएका र विद्यालयको शुल्क तिर्नसमेत धौ धौ भएको स्रोतलाई उद्धृत गर्दै पाकिस्तान टुडेले जनाएको छ ।

समयमा आफ्ना सन्तानको शुल्क नतिरे उनीहरू विद्यालयबाट निष्काशित हुनसक्ने चिन्ताले पनि कूटनीतिक कर्मचारीलाई पिरोलेको छ ।

अर्थ मन्त्रालयले गत डिसेम्बरमा सबै कर्मचारीको तलब निकासा गरिएको दाबी गरे पनि मार्च महिनाको तलब प्राप्त नभएको कूटनीतिक नियोगका कर्मचारीले बताएका छन् ।

पाकिस्तानी विदेश मन्त्रालयले पनि समयमै तलब निकासा गर्न अर्थ मन्त्रालयका अधिकारीलाई अनुरोध गरेको छ। विदेश मन्त्रालयले आफ्नो बजेटबाट कूटनीतिक कर्मचारीलाई जनवरी र फेब्रुअरीको तलब हस्तान्तरण गरेको थियो ।

विदेश मन्त्रालयले मातहतका निकाय र विभागमार्फत विदेशमा कार्यरत आफ्ना कर्मचारीका लागि रकम विनियोजन गरी प्रत्येक महिनाको एक वा दुई तारिखमा कर्मचारीको खातामा रकम दाखिला गर्दै आएको थियो । अर्थसचिवसँग यस सम्बन्धमा प्रतिक्रिया लिन खोज्दा त्यो सफल हुन सकेन ।

हालैको एक बैठकमा कूटनीतिक कर्मचारीले तलब नपाएको विषय उठेपछि अर्थमन्त्री इशाक दारले जवाफ दिनुपरेको थियो ।

विदेशमा कार्यरत कर्मचारीलाई विदेशी मुद्रामा तलब दिनुपर्ने भएकाले आर्थिक समन्वय समिति र पाकिस्तानको केन्द्रीय बैंकको समन्वयमा आवश्यक व्यवस्था गरिने बताइएको छ ।रासस

## टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाउने पहिलो अमेरिकी राज्य बन्यो मोन्टाना

***मोन्टाना, ४ जेठ***

मोन्टाना भिडियो साझा गर्ने सामाजिक सञ्जाल एप्लिकेशन टिकटकमाथि पूर्णप्रतिबन्ध लगाउने पहिलो अमेरिकी राज्य बनेको छ ।

सुरक्षा चिन्ता र चासोलाई सम्बोधन गर्न राज्य सरकारले टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाइएको घोषणा गरेको हो ।

मोन्टानाका गभर्नर ग्रेग जियानफोर्टले मोन्टाना राज्यका बासिन्दाका निजी विवरण चिनियाँ कम्युनिष्ट पार्टीबाट जोगाउने उद्देश्यले टिकटकमाथि प्रतिबन्ध लगाइएको स्पष्ट गरेका छन् ।

राज्यका मुख्य सूचनाआधिकारीलाई राज्य सञ्जाल र उपकरणहरूबाट उक्त एपलाई पूर्णरुपमा ब्लक गर्न निर्देशन दिएको उनले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन् ।

डिसेम्बर २०२२ मा मोन्टाना सरकारले राज्यका उपकरणमा उक्त एपको प्रयोग वर्जित गरेको थियो ।

सङ्घीय सरकारका साथै अमेरिकाका धेरै राज्यमा उक्त सामाजिक सञ्जालको प्रयोग निषेध गरिएको छ ।

आगामी जुन १ देखि उक्त सञ्जालमाथिको प्रतिबन्ध पूर्णरुपमा लागू हुनेछ ।

उक्त प्रतिबन्धलाई चुनौती दिँदै अदालतमा मुद्दा दायर हुनसक्ने समाचारमा जनाइएको छ । रासस

## इटालीको उत्तरी भेगमा बाढीको प्रकोप, आठ जनाको मृत्यु

***रोम, ४ जेठ***

इटालीको उत्तरी भेग इमिलिया रोमाग्नामा अविरल वर्षासँगै आएको बाढीमा परी आठ जनाको मृत्यु भएको छ ।

बाढीबाट हजारौँ विस्थापित भएका छन्भने युरोपको प्रसिद्ध मोटर रेस प्रतिस्पर्धा ग्रान्ड प्रिक्स फर्मुला वान स्थगन भएको छ ।

नदीहरूमा पानीको सतहले जोखिमको रेखा पार गरेको छ भने हजारौ हेक्टर खेतीयोग्य जमिन जलमग्न भएको छ ।

शहरका सडकबाट पनि पानी बगिरहेको छ ।

बाढीबाट बच्न मानिसहरू घरका छतमा पुगेका छन् । एक वर्षमा हुने औसत वर्षा झण्डै ३६ घण्टामा भएकोले परिस्थिति भयावह बनेको अधिकारीहरुले बताएका छन् ।

बाढीका कारण ५० हजार मानिस बिजुलीको पहुँचबाट बाहिर भएका छन् ।

भोलिदेखि जापानको हिरोसिमामा आयोजना हुने विकसित सात राष्ट्र (जी सेभेन) को ४९ औँ शिखर सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुअघि प्रधानमन्त्री जर्जिया मेलोनीले बाढीपीडितलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । रासस

## नेपालको व्यापार वृद्धिका लागि एडिबीको तीस करोड डलर

***मनिला, ४ जेठ***

एशियाली विकास बैंक (एडिबी)ले नेपालको अन्तरराष्ट्रिय व्यापार वृद्धिका लागि आवश्यक पर्ने यातायात सम्पर्क सञ्जाल सुधार गर्न तीस करोड अमेरिकी डलर ऋण प्रदान गर्ने भएको छ ।

भारत र बङ्गलादेशसँगको व्यापारिक मार्ग सुधारका निम्ति उक्त रकम ऋण उपलव्ध गराउने निर्णय भएको हो । दक्षिण एशियाली उपक्षेत्रीय आर्थिक सहयोग करिडोरको हिस्साको रुपमा पूर्वपश्चिम राजमार्ग नजिक सडक परियोजना सञ्चालन हुने एडिबीका यातायात विशेषज्ञ सिन वाइ चोङले बताएका छन् । मनिलास्थित बैंकको प्रधानकार्यालयले बुधबार उक्त ऋण स्वीकृत गरेको हो। अब बन्ने अन्तरराष्ट्रियस्तरको उक्त सडकमा ट्राफिक सङ्केत, सडकबत्ती, पैदलमार्ग, प्रकाश प्रणाली, बस बिसौनी, पैदलयात्री क्रसिङलगायत सबै पूर्वाधार हुनेछन् । रासस

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहर समयमै गर्ने गरौं ।
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनीद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY
Friday 19, May. 2023

# अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा मधेशको अग्रता

*गुरु प्रसाद गौतम*
*निजगढ ४ जेठ*

मधेश प्रदेशको पर्यटन र तेक्वान्दो खेलको बिकासमा टेवा पुराउने उद्देश्यले बाराको निजगढमा बिहिबारदेखि शुरु भएको प्रथम गढीमाई अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा मधेश प्रदेशले पहिलो दिनको खेलमा अग्रता बनाएको छ ।



पहिलो दिनको पाँच वटा तौल समुहको सम्पन्न प्रतियोगितामा मधेश प्रदेशले दुई स्वर्ण, दुई काश्य र एक रजतपदक हासिल गरी पहिलो दिन टिम प्रथम बनेको हो । पुरुष ४० किलो तौल समुहमा नादिम हुसैन र ४३ किलो तौल समुहमा सिद्धार्थ प्रजापतिले स्वर्ण पदक हात पारेका हुन ।

त्यसैगरी पुरुष ४८ किलो तौल समुहमा लुम्बनीका जस्मीन चौधरी,महिला ४० किलो तर्फ कर्णालीकी ललिता बुढा र महिला ४३ किलोमा बाग्मतिकी सदिक्षा कार्कीले स्वर्ण पदक हात पारेका हुन ।

प्रतियोगितामा नेपालका सात प्रदेश सहित भारत, बंगलादेश, कोरिया, जापानका खेलाडीहरुको सहभागिता रहेको प्रतियोगिताको उद्घघाटन महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादबले गर्नु भएको थियो । आयोजक मधेश प्रदेश तेक्वान्यो संघका अध्यक्ष पेमासिद्धी लामाको अध्यक्षतामा भएको उद्घघाटन कार्यक्रममा नेपाल तेक्वान्दो संघका महासचिब दिपराज गुरुङ्ग, राष्ट्रिय खेलकुद परिषदका पुर्व सदस्य सचिब एवब सितेरियो कराते महासंघका अध्यक्ष युवराज लामा, निजगढ नगरपालिकाका पुर्व नगर प्रमुख सुरेश खनाल, पुर्व उप प्रमुख लिलादेवी लामिछाने, संघका महासचिब राजकुमार लामा लगायतले शुभकामना मन्तब्य ब्यप्त गरेका थिए ।

५९ लाख कुल लागत रहेको प्रतियोगिताको मुख्य निर्णायकमा राखेपका तालिम तथा प्रशिक्षण विभागका उपनिर्देशक टार्जन सुब्बा रहनु भएको छ भने निर्णायकहरुमा अन्तराष्ट्रिय निर्णायक रबिन्द्र मल्ल, नारायण बुढाथोकी, कुमार लामा घिसिङ, बब्लु शिवाकोटी, नविना बुढाथोकी मगर लगायतका रहेका छन ।

जिरोगीतर्फ पुरुष सात र महिला छ गरी १३ तौल समुह र पुम्सेतर्फ जुनियर १० बर्षको सिगल, १२ बर्ष डबल र १४ बर्षको ग्रुप गरी तीन तथा सिनियर पुम्सेतर्फ १८ बर्ष तल र माथि महिला पुरुष गरी चार टिम गरी २० ईभेन्टमा प्रतियोगिता भईरहेको छ ।

# लागुऔषध सहित एक जना पक्राउ

*साझेदारी संवाददाता*
*वीरगञ्ज ४ जेठ*

पर्सा प्रहरीले वीरगञ्जबाट लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागुऔषधसहित चितवनको भरतपुर महानगरपालिका(१ निवासी १८ वर्षीय सुनिल यादवलाई पक्राउ गरेको हो ।

प्रहरी चौकी इनर्वाबाट खटिएको टोलीले उनलाई वीरगञ्ज महानगरपालिका-१६ मा पक्राउ गरेको हो।

यादवले शरीरको कम्मर पेटीको भागमा लुकाइछिपाई ल्याएको लागुऔषध नाइट्राभेट १० पत्ता ट्याब्लेट फेला परेको पर्साका प्रहरी प्रवक्ता डिएसपी दिपक गिरिले जानकारी दिए ।



यादवलाई लागुऔषध मुद्दामा अदालतबाट तीन दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जानकारी दिएको छ ।

# टाइफाइडबाट बच्न सरसफाइमा ध्यान दिन मन्त्रालयको आग्रह

*काठमाडौँ, ४ जेठ*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले टाइफाइड रोगबाट बच्नका लागि सरसफाइमा ध्यान दिन आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले फोहर गर्दा टाइफाइड लाग्ने भएकाले सरसफाइमा ध्यान दिन सबैलाई आग्रह गरिएको बताउनुभयो ।

"ढल वा सङ्क्रमित व्यक्तिको दिसामा पाइने टाइफाइड रोगको जीवाणु स्वस्थ व्यक्तिमा दूषित खाना वा पानीको माध्यमबाट सर्दछ", उहाँले भन्नुभयो, "त्यसैले टाइफाइड रोगबाट बच्ने मुख्य उपाय भनेको व्यक्तिगत सरसफाइ र वातावरण स्वच्छ राख्नु हो ।"

मन्त्रालयले सफा चर्पीको प्रयोग गर्ने र बच्चाको दिसा चर्पीमा फाल्ने, बेला(बेलामा साबुनपानीले मिचीमिची हात धुने, राम्ररी पकाएको र सधैँ छोपेर राखेको खानामात्र खाने गर्नुपर्दछ ।

यस्तै बासी, सडेगलेको र झिङ्गा भन्केको खाना कहिल्यै नखाने र पानीलाई उमालेर, फिल्टर गरेर वा क्लोरिन ताबेल प्रयोग गरी सफा र सुरक्षित पानी पिउने गर्न समेत मन्त्रालयले आग्रह गरेको छ । रासस

# ऐलानी जग्गाको बिषयलाई लिएर बिन्दबासिनीका जनप्रतिनिधी र स्थानीयबीच बिबाद

*राम मण्डल*
*वीरगञ्ज ४ जेठ*

पर्साको बिन्दबासिनी गाउँपालिकाको गर्दौल टोलमा रहेको ऐलानी जग्गालाई खाली गराउने बिषयलाई लिएर गाउँपालिका अध्यक्ष र स्थानीयबीच बिबाद उत्पन्न भएको छ ।

ऐलानी जग्गा खाली गराउने नाउँमा स्थानीयलाई त्यहाँबाट बिस्थापित गर्न खोजिएको स्थानीयबासीहरुले बताएका छन । उनीहरुले आफु बसोबास गर्दै आएको घरमाथि डोजर लगाएर गाउँपालिकाले आफुहरुलाई घर न घाटको बनाउन लागेको गुनासो गरेका हुन ।

ऐलानीमा बर्षौ र पुस्तौदेखि बसोबास गर्दै आएकाले त्यहाँबाट कुनै पनि हालतमा नहटने गर्दौलका स्थानीयले बताएका छन ।उनीहरुले गाउँपालिकालाई जे भएपनि आफुहरु बसेको स्थानमा डोजर चलाउन नदिने बताएका हुन ।सोहीक्रमा ऐलानी खाली गराउन बुधबार ऐलानी जग्गा खाली गराउनको लागि डोजर लिएर गाउँपालिका अध्यक्ष प्रमोद तिवारी गर्दौल टोलमा पुगेका थिए ।

दुई बिगाहा भन्दा बढी ऐलानी जग्गा खाली गराउनको लागि तिवारी डोजर र प्रहरी प्रशासनको साथमा पुगेपछि स्थानीयले भने बिरोध गरेका थिए ।

आफुहरु बर्षौ देखि घर बनाएर बसोबास गर्दै आएको जग्गामा अध्यक्ष तिवारीले डोजर लगाएर आफुहरुलाई बिस्थापित गर्न खोजेको स्थानीय सकिना खातुनले बताईन ।गर्दौलमा रहेको ऐलानी जग्गामा बसोबास गर्दै आएका स्थानीयले भने आफुहरु डोजर चलाउन नदिने अडान लिएपछि बिबाद उत्पन्न भएको थियो । गाउँपालिका अध्यक्ष तिवारी पालिकाको अध्यक्षमा निर्बाचित भएपछि मनोमानी गर्न खोजेको आरोप लगाउदै स्थानीय उमेश प्रसाद साहले कुनै पनि हालतमा जग्गा खाली नगर्ने बताए ।

गाउँपालिकामा ऐलानी जग्गा भएकोले उक्त जग्गा खाली गराएर बिद्यालय चौर लगायतका पुर्बाधारहरु निर्माण गर्ने गाउँपालिका अध्यक्ष तिवारीले बताउनु भयो ।उहाँले आफु पालिकाको बिकासको लागि नै ऐलानी जग्गा मात्रै खाली गराउन लागेकोले स्थानीयबासीले पनि बिकासको काममा अवरोध गर्न नहुने जिकिर गरेका छन ।

# पक्राउ परेका टेकनाथ रिजाल र मियाँलाई दुई दिन हिरासतमा राख्न अनुमति

*काठमाडौँ, ४ जेठ*

काठमाडौँ जिल्ला अदालतले नक्कली शरणार्थी प्रकरणमा अनुसन्धानका लागि आज पक्राउ परेका भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र नेपाल हज समितिका अध्यक्ष शम्शेर मियाँलाई हिरासतमा राखेर अनुसन्धान गर्न दुई दिनको म्याद दिएको छ ।

रिजाललाई झापाबाट काठमाडौँ आउने क्रममा आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले पक्राउ गरेको थियो भने मियाँलाई सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट पक्राउ गरेको काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालले बताउनुभयो ।

उक्त घटनामा यसअघि प्रहरीले पूर्वमन्त्री र बहालवाला सचिवसहित १४ जनालाई पक्राउ गरी प्रारम्भिक बयान लिइसकेको छ । आज पक्राउ परेका दुईसहित उक्त घटनामा पक्राउ पर्नेको सङ्ख्या १६ पुगेको छ ।

रिजालमाथि यसअघि हिरासतमा परेका सानु भण्डारीसँग आर्थिक कारोबार भएको पाइएपछि अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरीले जनाएको छ । विगतमा रिजालले बाँकी रहेका शरणार्थीको पुनर्बासका लागि पहल गरेका थिए । सोही आधारमा सरकारले कार्यदल गठन गरेको थियो । यता हज समितिका अध्यक्ष मियाँलाई भने गिरोहसँगको मिलेमतो गरेको आरोप छ । उनले हज समितिका लागि प्रयोग गर्न दिएको गाडी गिरोहलाई प्रयोग गर्न दिएको खुलेको प्रहरीले जनाएको छ । उक्त सरकारी गाडी अहिले प्रहरीले नियन्त्रणमा लिइसकेको छ ।

उक्त घटनामा अनुसन्धानका लागि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, निलम्बित सचिव (पूर्वगृहसचिव) टेकनारायण पाण्डे, पूर्वगृहमन्त्रीका सुरक्षा सल्लाहकार डा इन्द्रजीत राईलगायत १६ जना पक्राउ परिसकेका छन् ।

उक्त घटनामा अब प्रहरीले छ दिनमा अनुसन्धान सकेर सरकारी वकिलको कार्यालयमार्फत अदालतमा मुद्दा पुर्‍याउनुपर्ने छ । जिल्ला प्रहरी परिसर काठमाडौँले शरणार्थी प्रकरणको घटनाको ठगी र सङ्गठित अपराधमा अनुसन्धान गरिरहेको छ । रासस

# आर्थिक सङ्कट समाधान गर्न दुवै मुलुकबीच सहकार्य आवश्यक छ : मन्त्री रिजाल

*वीरगञ्ज, ४ जेठ*

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले अहिले देखापरेको आर्थिक तरलताको समस्यालाई समाधान गर्न नेपाल र भारतबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभएको छ ।

वीरगञ्जमा जारी 'भारत( नेपाल आर्थिक साझेदारी शिखर सम्मेलन २०२३' लाई आज सम्बोधन गर्नुहुँदै मन्त्री रिजालले नेपाल र भारतबीच सनतातनकालदेखि नै सम्बन्ध अत्यन्तै सुमधुर रहेकाले आर्थिक तरलताको वर्तमान समस्यालाई समाधान गर्न दुवै मुलुकले आपसमा सहकार्य र समन्वय गरी अघि बढ्नुपर्ने बताउनुभयो । नेपाल र भारतबीचको द्विपक्षीय व्यापार तथा आर्थिक सम्बन्धलाई नयाँ ढङ्गबाट अघि बढाउनुपर्नेमा जोड दिँदै मन्त्री रिजालले नेपालमा नीतिगत र विधिगतरूपमा लगानी गर्न सक्ने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

वर्तमान आर्थिक सङ्कटलाई समाधान गर्न निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्नुपर्ने उल्लेख गर्दै उहाँले मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकार निजी क्षेत्रसँग सहकार्य गरी अघि बढ्न चाहेको बताउनुभयो । कार्यक्रममा प्रतिनिधिसभा सदस्य अजय चौरसियाले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउन आयातमुखी अर्थतन्त्रलाई निरुत्साहित गर्दै निर्यातमुखी

**बाँकी तेस्रो पृष्ठमा**

# अनुसन्धानमा बाधा पुग्ने गरी दुष्प्रचार नगर्न काउन्सिलको अपिल

*काठमाडौँ, ४ जेठ*

प्रेस काउन्सिल नेपालले स्वतन्त्र अनुसन्धानलाई प्रभाव पार्ने गरी दुष्प्रचार नगर्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालका प्रयोगकर्तालाई आग्रह गरेको छ ।

आज एक विज्ञप्ति जारी गर्दै काउन्सिलले पछिल्लो घटनाक्रमका विषयमा कतिपय सञ्चारमाध्यम एवं सञ्चारमाध्यमको झल्को दिने गरी भ्रम फैलाउने सामाजिक सञ्जाल (युट्युब/फेसबुकलगायत)बाट दुष्प्रचार भएको बताएको हो ।

काउन्सिलले यथेष्ट प्रमाणबिना र अपुष्ट स्रोत/बयानको हवाला दिई घटनासँग असम्बन्धित व्यक्ति, सङ्घसंस्था, राजनीतिक दल र नेताको चरित्रहत्या एवं मानहानी हुने गरी भएको दुष्प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

"समाजमा भ्रम/अफवाह फैलाउने, अतिरञ्जित गर्ने, अनुसन्धान र न्यायिक निरुपणमा प्रभाव पार्ने किसिमबाट सत्य, तथ्य एवं सन्तुलन विमुख भई सामग्री सम्प्रेषण हुनु पत्रकारिताका मूल्य र मान्यताविपरीत कार्य हो", काउन्सिलका उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्रीबारे

**बाँकी तेस्रो पृष्ठमा**

पर्यटकिय स्थलको संरक्षण र प्रचार गरी नगरको विकासमा जुटौं ।
निजगढ नगरपालिकाको कार्यालय, निजगढ, बाराद्वारा जनहितमा जारी सन्देश